# बैठक नं. ५३

आज मिति २०७६ भाद्र ११ गते बुधबार दिउँसो ४ बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १ स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, आ.टी.अ. | श्री परशुराम चौलागाईं | |
| २४ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

## निर्णय नं.१

कृषि तथा पशुपन्छी विकास मन्त्रालय,कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्रको मिति २०७६/०४/१५ प.सं २०७६/०७७ च.नं. १७ को प्राप्त पत्रानुसार काठमाडौं उपत्यकाको संभाव्य स्थानमा स्थानीय तहसँगको सहकार्यमा कृषि उपज बजारस्थल निर्माण गर्नका लागि स्थानीय तह मार्फत जग्गाको सुनिश्चितता सहितको प्रारम्भिक प्रस्ताव पेश गर्न भनी आएको हुदाँ कीर्तिपुर नगरपालिकाको क्षेत्रभित्रको वडा नं.९ र वडा नं.७ स्थित हनुमानघाटमा रहेको (चारै तिर बाटोले घेरिएको, खोल्सा माथि हाल तरकारी बजार रहेको) कृषि बजारलाई नै स्थानीय कृषि उपज बजारस्थलको रुपमा प्रस्ताव पेश गर्ने र सोका लागि कुल लागत अनुमानको १५% रकम समपुरक कोषमबाट लगानी गर्ने निर्णय गरियो ।

## निर्णय नं.२

चालु आर्थिक वर्ष २०७६/०७७ मासामाजिक परिचालकहरुलाई पोशाक खर्चवापत नगरसभाबाट रु. ७,५००/-तोकी सोही बमोजिम बजेट समेत विनियोजन भईसकेकोमासो रकमलाई अक्षरमा उल्लेख गर्दा भूलवस रु. सात हजार मात्र हुन गएकोले सो सुविधालाई अंकमा उल्लेख भएबमोजिम कै रु. सात हजार पाँच सय मात्र अक्षरमा समेत कायम गर्ने निर्णय गरियो ।

## निर्णय नं.३

यस नगरपालिकामा स्थानीय तह पुनर्संरचना पश्चात हस्तान्तरण र समायोजन भै आएका विषयगत शाखाहरु (शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, महिला तथा बालबालिका र आयुर्वेद समेत) का लागि गत विगतमा नेपाल सरकार सशर्त अनुदान शिर्षकमा तलव भत्ता निकासाहुने गरेकोले चालु आ.व. २०७६/०७७ को बजेट बनाउने क्रममा समेत सोही शीर्षकमा रकम निकासा हुने अनुमान गरी कर्मचारी तलब भत्ता शीर्षकमा उल्लेखित कर्मचारीहरुको तलब भत्ता प्रस्ताव नगरिएकोमा चालु आ.व.का लागि स्वीकृत शसर्त अनुदान रकममा स्वास्थ्य तर्फ नपुग हुने गरी रकम विनियोजन गरिएको तथा अन्य शाखा तर्फ रकम नै विनियोजन नभएको सन्दर्भमा नपुग रकम र विनियोजन नभएको रकम यकिन गरी नेपाल सरकारका सम्वन्धित निकायसँग थप निकासाका लागि अनुरोध गर्ने र हाललाई नगरपालिका कर्मचारी तलब भत्ता शीर्षकबाट नै निजहरुको तलब भत्ता उपलब्ध गराउने । यसै गरी स्वास्थ्य तर्फका १० (दश) जना का.स. हरुलाई समेत नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक रु. १३,५००/- प्रतिमहिना र चाडबाड खर्च समेत यहि २०७६ साउन देखि नै लागु हुने गरी सोही कर्मचारी तलब भत्ता शीर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

## निर्णय नं.४

यस नगरकार्यपालिका कार्यालयमा बिभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरीपेशहुन आएका निवेदनहरु मध्ये "घ" वर्गको व्यवसायी इजाजतपत्र सम्बन्धी समितिबाटयोग्यता सम्बन्धी कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका

निम्न निवेदक/फर्महरुलाई "घ" वर्गको निमार्ण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| सि.न. | फर्मको नाम | ठेगाना, रप्रोपाईटरको नाम |
|---|---|---|
| १ | देवेन्द्र कन्ट्रक्सन कं. प्रा.लि. | कीर्तिपुर ५, भत्केपाटी,प्रो.विवेक कुमार यादव |
| २ | शुभ मंगल निर्माण सेवा प्रा.लि. | कीर्तिपुर ६,चोभार, प्रो. देव कुमार श्रेष्ठ/गोविन्द कोईराला/सुरेन्द्र बल |
| ३ | आई पि. कस्ट्रक्सन प्रा.लि. | कीर्तिपुर ०६, चोभार, प्रो. ईश्वरनाथ पौडेल |

## निर्णय नं.५

चालु आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक विनियोजनको पुँजीगत तर्फ सामाजिक विकास शिर्षक अन्तर्गत "घर – घरमा स्थानीय सरकार" कार्यक्रमबाट, २०७६ साल साउन महिनादेखिलागु हुने गरी नगरक्षेत्रका स्थायी वासिन्दा र आमाबाबुबाट जन्मने प्रत्येक नवजात शिशुको परिवारलाई हार्दिक बधाईसहित मातृ शिशु पोषण बापत रु.२,०००/- र नगरबासीको निधन हुँदा निज मृतकको परिवारलाईहार्दिक समवेदना सहित मृत्युसंस्कार खर्चबापत रु. २,०००/-दिने र तत्कालै वडा सचिवहरुलाई सोही खर्चबापत रु. ५०,०००/- का दरले पेश्की उपलव्ध गराउने निर्णय गरियो ।

## निर्णय नं.६

वडा नं. ६ को प.सं. ०७६/०७७ च.न. १८८ मिति २०७६/०४/२९ को पत्रानुसारउक्त वडाको बाग्मती किनारामा अनधिकृतरुपमा गरिरहेको बोसो पगाल्ने र हड्डी उसिन्ने कार्यबाट छिमेकी ललितपुर महानगरपालिका वडा नं. ४ बागडोल क्षेत्रमा दुर्गन्ध र सो क्षेत्रको वातावरणमा प्रतिकुल असर परिरहेकोले सो कार्य वन्द गर्न उक्त क्षेत्रका बासिन्दा र ललितपुर महानगरपालिका वडा नं. ४ को सिफारिस समेतलाई मध्यनजर ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने र सो का लागि स्थानीय प्रशासन, सुरक्षा निकाय लगायत सम्वन्धित पक्षहरुको समेत सहयोग लिई उक्त कार्य बन्द गर्न गराउन पहल गर्ने निर्णय गरियो ।

## निर्णय नं.७

स्वास्थ्य बिमा गर्ने यस नगर क्षेत्रका स्थायी बासिन्दाहरुलाई नगरपालिकाको तर्फबाट रु. २००/- का दरले चालु आ.व. २०७६/०७७ का लागि स्वीकृत विनियोजन ऐनको स्वास्थ्य विमा कार्यक्रम शीर्षकबाटस्वास्थ्य विमा अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं.८

यस नगरपालिका वडा नं. १० स्थित त्रिभुवन विश्वविद्यालय गेट बाहिरपट्टि उपयुक्त स्थानमा कीर्तिपुरको परिचय झल्कने गरी कीर्तिपुर प्रवेशद्वार निर्माण गर्ने निर्णय गरियो ।

## निर्णय नं. ९

छिमेकी नगरपालिका चन्द्रागिरी नगरपालिका क्षेत्रमा बिगतदेखि सञ्चालित ईट्टाभट्टाहरुले कच्चापदार्थका रुपमा प्रयोग हुने माटो यस नगर क्षेत्रबाट लैजाने गरी आएकोमा उक्त कार्यबाट खेतियोग्य माटोको उर्वराशक्तिमा ह्रास आईरहेको र वरिपरिको बातावरणमा प्रतिकूल प्रभाव परिरहेको तथा जनस्वास्थ्यमा समेत नकारात्मक असर परिरहेको तथ्यलाई मध्यनजर गरी यस नगर क्षेत्रबाट ईट्टाभट्टाका लागि माटो लैजानेकार्यमा बन्देज लगाउने निर्णय गरियो ।

## निर्णय नं. १०

यस नगरपालिकाको बस्तीक्षेत्रभित्र ठाँउठाँउमा भैरहेको बंगुरपालन व्यवसायले सो क्षेत्रका बासिन्दाहरुको जनस्वास्थ्य र वरिपरिको वातावरणमा प्रतिकूल असर परिरहेको हुँदा त्यस्ता बंगुरपालन व्यवसाय हटाउन सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो ।

## निर्णय नं. ११

कीर्तिपुर नगरपालिकाको जग्गा एकीकरण कार्यलाई थप व्यवस्थित गर्नका लागि तपशिल बमोजिमका सदस्यहरु रहने गरि नगरस्तरीय भूमि व्यवस्थापन उप-समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| नगर प्रमुख, श्री रमेश महर्जन | - अध्यक्ष |
| उप प्रमुख, श्री सरस्वती रिजाल (खड्का) | - उपाध्यक्ष |
| प्रमुख प्रशासकीय अधिकृत, श्री ध्रुवराज आचार्य | - सचिव |
| वडा नं. ३ का वडा अध्यक्ष, श्री राजेन्द्र महर्जन | - सदस्य |
| वडा नं. ४ का वडा अध्यक्ष, श्री राजेन्द्र बाँनिया | - सदस्य |
| वडा नं. ९ का वडा अध्यक्ष, श्री गंगाराम महर्जन | - सदस्य |
| नगर प्रमुखले तोकेको नगरपालिकाको ईन्जिनियर, | - सदस्य |

उक्त समितिले आवश्यकता अनुसारका व्यक्ति र विशेषज्ञलाई आमान्त्रण गर्न सक्ने छ ।